नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
राष्ट्रिय किताबखाना
(शिक्षक)
म्युजियम मार्ग, छाउनी, काठमाण्डौ ।

फोन नं.:- ४२८३०२३
४६७०७५७
४६७२८२३
फ्याक्स:- ४२८४९००

प.सं. ०८१/८०
च.नं. ४४८१

मितिः- २०७९-१२-२२

**विषय:- शिक्षक वैयक्तिक तथा नोकरी विवरण (सिटरोल) दर्ता तथा प्रमाणित सम्वन्धमा ।**

श्री शिक्षा विकास तथा समन्वय इकाइ
७७ वटै ।

उपरोक्त सम्वन्धमा शिक्षक सेवा आयोगबाट सिफारिस भई स्थायी भएका शिक्षकहरुको शिक्षक वैयक्तिक तथा नोकरी विवरण (सिटरोल) दर्ता तथा प्रमाणित गर्नको लागि शिक्षा नियमावलीमा भएको व्यवस्था अनुसार स्थायी नियुक्ति लिएको मितिले ९० दिन भित्र किताबखानामा पेश भई सक्नुपर्ने व्यवस्था बमोजिम जिल्ला जिल्लाबाट सम्वन्धित शिक्षकहरु यस किताबखानामा आउने गरेकोमा निवृत्तभरण, उपदान, अस्थायी गोल्डेन ह्यान्डसेक लगायत अन्य कार्य चापका कारण पेश गरेको दिनमै प्रमाणित गरी पठाउन कठिनाई हुने गरेकोले सम्वन्धित शिक्षा विकाश तथा समन्वय इकाईहरुले शिक्षक वैयक्तिक तथा नोकरी विवरण (सिटरोल) प्रमाणित गरी तपशिल बमोजिमका कागजातहरु रुजु गरी एक मुष्ट रुपमा किताबखानामा प्रमाणित गर्न पठाई दिनु भएमा यस किताबखानाले पनि प्रमाणित गरी एकमुष्ट फिर्ता गरी दिने व्यहोरा अनुरोध छ ।

(हस्ताक्षर) २०७९/१२/२२
रामशरण धिताल
का.मु. उपमहानिर्देशक

<u>तपशिल :</u>

१. ४ (चार) प्रति सिटरोल शिक्षा विकास तथा समन्वय इकाई प्रमुखले प्रमाणित गरेको हुनु पर्ने र सिटरोलको प्रत्येक पानामा प्रमाणित गर्ने अधिकारीको सहि र छाप हुनु पर्ने । (केरमेट गरेको सिटरोल किताबखानाबाट प्रमाणित हुने छैन) । (अनुसूची –१६ अनुसार)
२. स्थायी नियुक्ति पत्र ।
३. सम्वन्धित पालिकाको पदस्थापन पत्र ।
४. विद्यालयमा हाजिर भएको पत्र ।
५. नागरिकताको प्रतिलिपी (सम्वन्धित शिक्षक र ईच्छाइएको व्यक्तिको, ईच्छाइएको व्यक्ति नाबालक भएमा जन्म दर्ताको प्रतिलिपी ।
६. शिक्षक अध्यापन अनुमति पत्र (लाईसेन्स) को प्रतिलिपी ।
७. सम्पूर्ण शैक्षिक योग्यता प्रमाणपत्रहरुको प्रतिलिपी ।
८. सपथ ग्रहणको पत्र । (अनुसूची –१५ अनुसार)
९. निरोगिताको प्रमाण पत्र । (अनुसूची –१४ अनुसार)
१०. सिटरोल नम्बर कायम गरिदिन इकाइको सिफारिस पत्र
११. सम्पुर्ण प्रतिलिपी कागजातहरु अनिवार्य रुपमा नोटरी पब्लिकबाट प्रमाणित भएको हुनु पर्ने र किताबखानाले उपलब्ध गराएको संक्षिप्त वैयक्तिक तथा नोकरी विवरण फारम समेत भर्नु पर्ने छ ।